रामप्रसादराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या : ३ मितिः २०८२/०९/२१

भाग-२

रामप्रसादराई गाउँपालिका

## सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाता फेर्ने लाभग्राहीहरुको भुक्तानी दायित्व भुक्तानी गर्ने सम्बन्धी कार्यविधि, २०८२

## प्रस्तावना:

नेपालको संविधानको धारा ३७ मा मौलिक हकको रुपमा आवासको हकको व्यवस्था गरे बमोजिम प्रत्येक नागरिकलाई उपयुक्त किसिमको आवासको व्यवस्था गर्नु सरकारको अनिवार्य दायित्व भएको देखिन्छ र यसैको पृष्ठभूमिमा नेपाल सरकार अन्तर्गत सहरी विकास मन्त्रालयले सुरक्षित नागरिक आवास कार्यक्रम देशभर संचालन गर्नका लागि यस गाउँ कार्यापालिकाको कार्यालय र लाभग्राही बिच दुईपक्ष सम्झौता बमोजिम जस्तापाता फेर्ने कार्यक्रम समेत सम्पन्न भईसकेको सन्दर्भमा सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने रकम सम्बन्धित मन्त्रालयबाट बजेट नपठाई गाउँपालिका भित्रको गरिब निमुखा वर्गका लाभग्राहीहरुलाई गम्भिर रुपमा आर्थिक संकट तर्फ फस्नुपर्ने बाध्यकारी अवस्था सृजना भई व्यापक रुपमा जनगुनासो समेत आएको हुदाँ यि सबै किसिमको समस्या समाधानको खातिर सम्झौता बमोजिम कार्य सम्पन्न भएको ऐ. कार्यक्रमको रकम पछि मन्त्रालयबाट स्रोत सुनिश्चितता गरी विनियोजन भएपछि सोधभर्ना हुने गरी हाललाई यस गाउँ कार्यपालिकाको कार्यालयद्वारा स्रोतको सुनिश्चितता गरी भुक्तानी गर्नु वाञ्छनीय भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा रामप्रसादराई गाँउपालिकाको सुरक्षित नागरिक आवास ब्यवस्थापन ऐन २०८२ बमोजिम यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद एक:

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाता फेर्ने लाभग्राहीहरुको भुक्तानी दायित्व भुक्तानी गर्ने सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले सुरक्षित नागरिक आवास ब्यबस्थापन ऐन २०८२ लाई जनाउछ,

ख) "अध्यक्ष" भन्नाले रामप्रसादराई गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

ग) "उपाध्यक्ष" भन्नाले रामप्रसादराई गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामप्रसादराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ङ) "कार्यविधि" भन्नाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत जस्तापाता फेर्ने लाभग्राहीहरुको भुक्तानी दायित्व भुक्तानी गर्ने सम्बन्धी कार्यविधि, २०८२ लाई जनाउँदछ ।

च) "लाभग्राही" भन्नाले यस गाँउपालिका भित्रका नागरिकहरु जो आफ्नो घरको जस्तापाता फेर्नका लागि गाँपालिका सँग सम्झौता गरि काम सम्पन्न गरेका र नगरेका ब्यक्तिलाई जनाउँदछ ।

प्रमुख प्रशासकीय अधिकृत

छ) “शाखा” भन्नाले यस गाउँपालिकाको यस सम्बन्धित काम गर्ने शाखालाई जनाउँछ।

ज) “मन्त्रालय” भन्नाले नेपाल सरकार अन्तर्गतको शहरी बिकास मन्त्रालयलाई जनाउँछ।

झ) “समिति” भन्नाले गाउँपालिकामा रहेको यस कार्यसँग सम्बन्धित समन्वय समिति र अनुगमन तथा सुपरिवेक्षण समितिलाई जनाउँछ।

ञ) “प्राविधिक कर्मचारी” भन्नाले यस सम्बन्धी काम गर्ने सम्बन्धित प्राविधिक कर्मचारी लाई जनाउँछ।

## परिच्छेद-दुई

## वडाको काम कर्तव्य र प्राथमिकिकरण सम्बन्धी ब्यवस्था

**३. वडा समितिको काम कर्तव्य र अधिकार:**

क) पहिलो किस्ता प्राप्त गरेको लाभग्राहीहरुको स्वीकृत लागत अनुमान अनुसार दोस्रो किस्ता नपाएका लाभग्राहीहरुको घर निर्माणको काम बारे जानकारी लिने।

ख) सम्बन्धित प्राविधिक कर्मचारीबाट नापजाँच तथा मूल्याङ्कन गराई अन्तिम भुक्तानीका लागि तयार गराउने तथा सिफारिस गर्ने

ग) प्रथम किस्ता लिएर घर नबनाएका लाभग्राहीको विवरण एकिन गरी काम नभएको हकमा रकम फिर्ता गर्ने कार्यमा सहजीकरण गर्ने।

**४. लाभग्राहिहरुको प्राथमिकिकरणका आधारहरु:**

क) यसअघिको सुचना बमोजिम छनौट भई सम्झौता गरि जस्तापाता फेर्ने काम सकेको हुनु पर्नेछ,

ख) पूर्ण अपाङगता भएका ब्यक्तिका परिवार,

ग) एकल महिला,

घ) दलित,

ङ) अल्पसंख्यक,

च) बिपन्न परिवार।

छ) सिमान्तकृत समुदाय,

ज) आदिबासि जनजाती।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-तीन

## समन्वय समिति, अनुगमन तथा बित्तिय प्रवन्ध सम्बन्धी ब्यवस्था

**५. समन्वय समितिः** (१) सुरक्षित नागरिक आवास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समिति रहनेछ ।

क) गाउँपालिकाको अध्यक्ष- संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष - सह-संयोजक

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

ङ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य

च) गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम हेर्ने कर्मचारी -सदस्य-सचिव

**६. समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) कार्यक्रम कार्यान्वयन गर्न आवश्यकतानुसार सम्बन्धित पक्षलाई निर्देशन गर्ने,

ग) कार्यक्रम कार्यान्वयनको क्रममा आइपरेका समस्याहरु समाधान गर्ने साथै बाधा अड्चन फुकाउन कार्यविधिमा संशोधन वा समयानुकुल बनाउन परिमार्जन गर्नुपरेमा आवश्यक तयारी गरी स्वीकृतको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने र कार्यान्वयसंग सम्बन्धित पक्षहरु बीच समन्वय गर्ने,

ङ) काम सम्पन्न गरेका लाभग्राहीहरुलाई प्राथमिकताका आधारमा भुक्तानीका लागि सिफारिस गर्ने,

च) गाउँ कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

**७. अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) कार्यक्रमको प्रभावकारी रुपमा सञ्चालन भए, नभएको अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिकामा देहाय बमोजिमको एक अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ।

क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक

ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) गाउँपालिकाको पूर्वाधार विकास समितिको संयोजक -सदस्य

प्रमुख प्रशासकीय अधिकृत

च) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

छ) च) गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम हेर्ने कर्मचारी -सदस्य-सचिव

**८. अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) यो कार्यविधि अनुसार सुरक्षित नागरिक आवास

निर्माण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन तथा सम्पन्न गर्न गठित अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) कार्यविधि अनुसार कार्यक्रम सञ्चालन भए नभएको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

ख) कुनै लाभग्राहीले सम्झौता अनुसार कार्य सम्पन्न नगरेको पाईएमा त्यस्तो लाभग्राहीलाई कारवाही गर्न गाउँ

कार्यपालिकालाई सिफारिस गर्ने,

ग) अनुगमन तथा सुपरीवेक्षणको क्रममा देखिएका तथ्यहरुको विश्लेषण गरि सुझाव सहितको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने,

घ) गाउँ कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने।

**९. निर्माण सम्पन्न भएको मानिनेः**

सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारीले नापजाँच गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७८ को अनुसूची (३) बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गरे पश्चात गाँउपालिकको अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमनबाट समेत काम सम्पन्न भएको देखिएमा निर्माण सम्पन्न भएको मानिनेछ।

**१०. वित्तिय प्रबन्ध**

ऐनमा तोकिए बमोजिमको कार्य सम्पन्न गर्ने लाभग्राहिहरुको रकम भुक्तानीका लागि गाँउपालिकाबाट श्रोत सुनिस्चित गरि बजेट बिनियोजन गरेर प्राथमिकिकरणको आधारमा क्रमशः भुक्तानी गर्दै लगिनेछ र आगामि दिनमा मन्त्रालयबाट सोहि कार्यक्रमका लागि बजेट बिनियोजन भएपछि गाँउपालिको आन्तरिक राजस्व खातामा कार्यपालिकाबाट निर्णय गराई सोझै आम्दानि बाध्ने गरि सोधभर्ना गरिनेछ ।

## परिच्छेद -चार

## विविध

**११. अनुदान रकम असुल उपर गरि बारवाही गरिने**

प्रमुख प्रशासकीय अधिकृत

झुटा विवरण पेश गरी अनुदान लिएको पाईएमा, अनुदान उपलब्ध गराएको काम बाहेक अन्य प्रयोजनमा रकम खर्च गरेको पाईएमा वा सम्झौता बमोजिम नगरेको पाईएमा गाउँपालिकाले रकम असुल उपर गरी कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

**१२. सुविधाबाट बञ्चित गरिने:**

यसअघि कुनैपनि तहको सरकारबाट पुन निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ति स्थानान्तरण जस्ता अन्य कुनैपनि प्कारको कार्यक्रमबाट लाभान्वित घरधुरीलाई यस कार्यविधि बमोजिमको सुविधा उपलब्ध गराईने छैन ।

आज्ञाले,

आङलाक्पा तामाङ

प्रमुख प्रशासकीय अधिकृत